स्थानीय राजपत्र

# ताँजाकोट गाउँपालिका

कर्णाली प्रदेश

खण्ड : २ संख्या : १ मिति : २०७५/०४/०५

## ताँजाकोट गाउँकार्यपालिका

# आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५

**प्रस्तावना :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-१० दफा ७० बमोजिम यस ताँजाकोट गाउँपालिकाको स्थानीय सञ्चित कोषबाट केहि रकम विनियोजन गरी आकस्मिक कोषको स्थापना गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरि यस गाउँ कार्यपालिकाले गाउँपालिकाको अधिकार क्षेत्रभित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद्, अत्यन्तै न्यून आर्थिक स्थिति भएका दीर्घरोगी जस्तै मुटु, मृगौला, क्यान्सरलगायतका मानव जीवनमा असर पार्ने तथा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिलाई नियन्त्रण गर्न एक र न्यून आय भएका व्यक्तिलाई उपचारमा सहायता प्रदान गर्न आर्थिक आकस्मिक कोष वाञ्छनिय भएकोले स्थापना गरिएको छ ।

## परिच्छेद : १
## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम “आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५” रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा :** विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “कार्यविधि” भन्नाले आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ भन्ने बुझ्नुपर्छ ।

(ख) "कोष" भन्नाले आकस्मिक कोष भन्ने बुझ्नुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले गाउँकार्यपालिका भन्ने बुझ्नुपर्छ ।

(घ) "आकस्मिक कार्य" भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, माहामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद् लगायत मानवीय जीवनमा दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर जस्ता दीर्घरोगबाट पीडित व्यक्तिहरुको लागि तत्काल गरिने आर्थिक सहायतालाई आकस्मिक कार्यलाई बुझ्नुपर्छ ।

३. **कोष स्थापना :**

(१) आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

४. **आकस्मिक कोषमा जम्मा गरिएको रकम :**

(१) गाउँपालिकाको सञ्चित कोषबाट पहिलो पटक रु. १००००००।०० (अक्षरुपी दश लाख मात्र) झिकि त्यस्तो रकम आकस्मिक कोषमा जम्मा गरिनेछ ।

## परिच्छेद : २

## कोषको अवधारणा, लक्ष्य, उद्देश्य र नीति

५. **अवधारणा :** ताँजाकोट गाउँपालिकामा हुने सबै प्रकारका प्राकृतिक तथा मानव सर्जित विपद्बाट प्रभावित व्यक्ति परिवार तथा संघ-संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्यून आर्थिक स्थिति रहेका दीर्घरोगीहरु लगायत अप्रत्याशीत घटनामा पनि अङ्गभङ्ग भएकाहरुलाई पहिचान गरि राहत सहयोग पुर्‍याउनु नै कोषको अवधारणा हुनेछ ।

६. **लक्ष्य :** प्राकृतिक तथा मानव सर्जित विपद्को प्रकोपमा परेका व्यक्ति परिवार तथा संघ-संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, विपन्न दीर्घरोगीहरु, अङ्गभङ्ग भएकाहरुलाई तत्काल राहत सहयोग पुर्‍याउन र अप्रत्याशीत स्थितिमा गरिने कार्यहरु गरि मानवीय क्षतिमा कमी ल्याउनु नै कोषको लक्ष्य रहेको छ ।

७. **उद्देश्य :**

(१) विपद् पीडितहरुलाई तत्काल राहत उपलब्ध गराउने,

(२) आकस्मिक वा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेषपरिस्थितिमा

तत्काल गरिने आकस्मिक कार्य गर्ने ।

८. **नीति :**

(१) विपद् पीडितहरुलाई तत्काल राहत उपलब्ध गराइ पुनःस्थापनातर्फ उन्मुख गराउने,

(२) गाउँपालिकाको कार्यक्षेत्र भित्र भैपरी आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरि क्षति न्यूनीकरण गर्ने,

(३) स्थानीय तहमा रहेका अत्यन्त विपन्न दीर्घरोगीहरु, दुर्घटनामा परि अङ्गभङ्ग हुनेहरुलाई तत्काल राहत उपलब्ध गराउने ।

## परिच्छेद : ३
## कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था

९. **कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था :**

(१) कोषको लक्ष्य तथा उद्देश्यहरु प्राप्तीको लागि ताँजाकोट गाउँपालिका गाउँकार्यपालिका स्वयम् व्यवस्थापन गर्नेछ ।

(२) विशेष परिस्थितिमा कार्यपालिकाको निर्णय अनुसार कोषबाट रकम खर्च गरिनेछ ।

(३) बुँदा नं. २ (घ) मा परिभाषित आकस्मिक कार्य बाहेक अन्य प्रयोजनका लागि यस कोषबाट रकम खर्च गर्न सकिने छैन ।

## परिच्छेद : ४
## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

१०. **कोषको वित्तीय व्यवस्थापन :**

(१) कोषमा देहायका रकमहरु रहने छन् :

(क) गाउँसभाबाट आकस्मिक कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

(ख) दातृ निकाय, गैर सरकारी संस्था, संघीय सरकार, प्रदेश सरकार, अन्य स्रोतहरुबाट कोषलाई प्राप्त हुने रकम,

११. **कोषको आर्थिक व्यवस्था :** कोषको आर्थिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

१२. **प्रशासनिक व्यवस्था** : कोषको प्रशासनिक तथा आर्थिक कारोवार गाउँकार्यपालिकाको कर्मचारीबाट नै सञ्चालन गरिनेछ ।

## परिच्छेद : ५
## विविध

१३. **आकस्मिक कोषको रकम वृद्धि गर्न सक्ने** : गाउँपालिकाले गाउँसभाबाट स्वीकृत गराई आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार वृद्धि गराउन सक्नेछ ।

१४. **जाँचपास तथा फरफारक** : कोषबाट खर्च भएको रकमको जाँचपास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

१५. **कार्यविधिको संशोधन** : यस कार्यविधिलाई गाउँकार्यपालिकाले आवश्यक देखेमा संशोधन गर्नेछ ।

१६. **बचाउ र खारेजी** :

(क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हकमा स्वतः खारेज भएको मानिनेछ ।

(ख) कुनै कारणबाट कोष सञ्चालन हुन नसकेमा गाउँकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

(ग) कोष खारेज भएमा कोषमा रहेको सम्पत्ति तथा दायित्व गाउँकार्यपालिकाको कार्यालयमा स्वतः सर्नेछ ।

**आज्ञाले,**

**विष्णुबहादुर शाही**

प्रमुख प्रशासकीय अधिकृत